# एनएसडब्लू पुनरस्थापना रणनीति

## फेब्रुअरी २०२३ - जुन २०२५

एनएसडब्लू सरकारको पुनरस्थापना रणनीतिले एनएसडब्लूमा बस्ने शरणार्थीहरूको लागि बसोबासको अवस्था सुधार्ने लक्ष्य राखेको छ। यो रणनीति राज्य र अष्ट्रेलियामा यस प्रकारको पहिलो हो र यसले शरणार्थी र समुदायका लागि छ वटा अल्पकालीन परिणामहरू प्राप्त गर्ने दिशामा काम गर्दछ।

शरणार्थीहरूसँग उपयुक्त सेवाहरू तथा जानकारीहरूमा पहुँच छ जुन उनीहरूले बुझ्न र संलग्न हुन सक्छन्।

शरणार्थीहरूसँग सामाजिक र/वा आर्थिक रूपमा भाग लिने अवसर र सहायता छ।

समुदायमा मानिसहरूलाई स्वागत गर्ने सहित स्थान-आधारित र सामुदायिक सञ्जालहरू पुनरस्थापना योजनामा समावेश छन्।







एनएसडब्लू सरकारको पुनरस्थापना योजना र मूल्याङ्कनलाई प्रत्यक्ष अनुभवद्वारा सूचित गरिएको छ।

प्रमाणमा आधारित पुनरस्थापना योजनालाई सहायता गर्न एनएसडब्लू सरकारले तथ्यांक सङ्कलन र विश्लेषण प्रक्रियामा सुधार गरेको छ।

एनएसडब्लू सरकारले पुनरस्थापना लक्ष्य, नीति, र परिणामहरू बारेमा राष्ट्रिय निर्णय लिने प्रभाव बढाएको छ।

**यो रणनीतिले एनएसडब्लूमा अवस्थित जटिल पुनरस्थापना इकोसिस्टम र दीर्घकालीन परिणामहरूलाई पहिचान गर्छ जसलाई हासिल गर्नका लागि सरकारी र गैर-सरकारी क्षेत्रका सबै तहहरू मिलेर काम गर्न आवश्यक छ।**

**एनएसडब्लू पुनरस्थापना रणनीति मुख्यतया ति शरणार्थीहरूमा केन्द्रित छ जो आफ्नो पुनरस्थापना यात्राको पहिलो १० वर्ष भित्र हुनुहन्छ र एनएसडब्लूमा बस्नुहुन्छ। एनएसडब्लू पुनरस्थापना रणनीतिको उद्देश्यका लागि, शरणार्थी शब्दले शरण खोज्ने मानिसहरू सहित, शरणार्थी तथा शरणार्थी जस्तो पृष्ठभूमि भएका सबै मानिसहरूलाई समावेश गर्दछ।**

### यो रणनीतिले एनएसडब्लू सरकारको विद्यमान तथा नयाँ प्रयासहरूलाई यी कार्यहरूको लागि एकसाथ ल्याउँछ:

- एनएसडब्लू सरकारको लागि पुनरस्थापना यात्राहरूको अर्थ के हो र सफल पुनरस्थापना भनेको के हो भनेर व्याख्या गर्न
- निर्णय लिने क्रममा प्रत्यक्ष अनुभवको आवाज सम्बोधन गर्न
- एनएसडब्लू सरकार भरी सहकार्य, समन्वय, रणनीतिक योजना र सेवा प्रवाहलाई बढावा र औपचारिक बनाउन
- सफल पुनरस्थापना परिणामहरू सुनिश्चित गर्न एनएसडब्लू सरकार भर निरन्तर सुधार, मूल्याङ्कन र क्षमता निर्माण सुनिश्चित गर्न
- शरणार्थीहरू फस्टाएको सुनिश्चित गर्न फरक क्षेत्रका भूमिकाकर्ता र समुदायहरूको विस्तृत श्रृंखलालाई संलग्न गर्न
- अष्ट्रेलियाली सरकार र अन्य राज्य तथा क्षेत्र, र स्थानीय सरकारहरूसँग राष्ट्रिय निर्णय प्रक्रियालाई प्रभाव पार्न विद्यमान रणनीतिक साझेदारीहरू निर्माण गर्न र बढाउन

### एनएसडब्लू पुनरस्थापना रणनीतिले निम्न कुरा समावेश गर्दछ:

**कार्य योजना** जसले एनएसडब्लू सरकारले विद्यमान पहलहरूलाई कसरी निरन्तरता दिने तथा बलियो बनाउने र पहिचान गरिएका खाडलहरूलाई सम्बोधन गर्न थप पहलहरू लागू गर्ने भनेर रूपरेखा तय गर्दछ।

**मूल्याङ्कन ढाँचा** जसले एनएसडब्लू सरकारलाई प्रगतिको निगरानी र मापन गर्न मद्दत गर्दछ र एनएसडब्लूमा उदीयमान आवश्यकताहरूलाई प्रतिक्रिया दिन सक्षम हुन जानकारी रख्छ।

**एनएसडब्लू सेटलमेन्ट रणनीति बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) को लागि एक रणनीतिक प्राथमिकता हो र एनएसडब्लू सरकार (NSW Government) ले लागू गरिरहेको छ।**